# रिब्दीकोट गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

खस्यौली, पाल्पा

०७५६२००५५,०७५६९२३०७८
Email: ribdikot.rm@gmail.com
website: www.ribdikotmun.gov.np

## प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७६/०४/१९)

यस गाउँपालिकाको आ.व. ०७६।०७७ का लागि स्वीकृत कार्यक्रम अन्तर्गत गाउँपालिकाको ५ वर्षे आवधिक योजना निर्माण गर्नु पर्ने भएकोले इच्छुक परामर्शदाता, फर्म तथा कम्पनीहरुबाट देहायका शर्तहरुको अधिनमा रही रितपूर्वक प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गर्नुहुन यो सूचना आव्हान गरिएको छ ।

**शर्तहरु**

१. योग्यता पुगेका ईन्जिनियरिङ फर्म, संस्था तथा परामर्शदाता संस्थाले कम्पनी दर्ताको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता सहितको स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र, आ.व. ०७५।०७६ सम्मको कर चुक्ता प्रमाणपत्र संलग्न राखी निवेदन दिई यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र यस कार्यालयको आर्थिक प्रशासन शाखाबाट प्रस्तावपत्र दस्तुर बुझाई कार्यविवरण(TOR) लिन सकिने छ ।

२. ईच्छुक परामर्शदाता कम्पनीहरु यस गाउँपालिकाको कार्यालयमा सूचीकृत हुनुपर्ने छ ।

३. ईच्छुक ईन्जिनियरिङ फर्म, संस्था तथा परामर्शदाता संस्थाले TOR साथ सि.नं १ मा उल्लेखित कागजातहरुको अतिरिक्त खरीद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरीद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणापत्र अनिवार्य पेश गर्नु पर्ने छ ।

४. प्रस्तावदाताले प्राविधिक र आर्थिक प्रस्तावलाई छुट्टाछुट्टै शिलबन्दी गरी खामबाहिर कुन प्रकारको प्रस्ताव हो सो खुलाई पेश गर्नु पर्नेछ । एकमुष्ठ पेश गरिएको प्रस्तावलाई स्वीकार गरिने छैन ।

५. यो सूचना प्रकाशित भएको मितिले १६औं दिनको १२:०० बजेभित्र यस कार्यालयको प्रशासन शाखामा रितपूर्वक पेश भएका प्रस्तावहरु सोही दिनको अपरान्ह २:०० बजे प्रतिनिधिहरुको रोहबरमा खोलिने छ । तर प्रस्तावदाताको अनुपस्थितिले प्रस्ताव खोल्न बाधा पर्ने छैन ।

६. तोकिएको मिति र समयभित्र दर्ता हुन आएका प्रस्तावहरु सार्वजनिक खरीद ऐन, २०६३(संशोधन सहित), सार्वजनिक खरीद नियमावली, २०६४(संशोधन सहित) र (TOR)मा उल्लेखित शर्त एवं अन्य प्रचलित कानुन बमोजिम मूल्यांकन गरी प्रस्ताव छनौट गरिने छ ।

७. प्राविधिक प्रस्तावमा सफल प्रस्तावदाताहरुको मात्र आर्थिक प्रस्ताव खोलिने छ ।

८. प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा रहने छ ।

प्रमुख प्रशासकीय अधिकृत